विहादी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

वहाकीठांटी,पर्बत

गण्डकी प्रदेश,नेपाल

गाउँ कार्यपालिकाको कार्यालय विहादी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

## मौरी घार खरिद सम्बन्धि सिलवन्दी दरभाउपत्र आव्हवानको सूचना ।

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०२/०२**

यस विहादी गाउँपालिका, वहाकीठांटी, पर्वतको कृषि विकास शाखाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार आ.व. २०८१/८२ का लागि ५० प्रतिशत अनुदानमा मौरी घार वितरण गर्नका लागि मौरी घार खरिद गरि वितरण गर्नुपर्ने भएकाले इच्छुक उत्पादक तथा वितरक वा बिक्रीसम्बन्धी इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनि, व्यवसायी तथा संस्थाहरुले निम्न शर्तको अधिनमा रही फाराम खरिद गरि सिलवन्दी दरभाउपत्र पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल:**

१. यो सूचना प्रकाशन भएको मितिले ७ औ दिनसम्म कार्यालय समयमा यस कार्यालयबाट दरभाउपत्र फाराम शुल्क रु १,०००/- नगदी रसिद वा यस कार्यालयको प्रभु बैंक विहादी शाखामा रहेको ग१.१ विहादी गा.पा. आन्तरिक राजश्व खाता १४६०११४९८४६०००४१ मा एक हजार रुपैया मात्र (फिर्ता नहुने गरि) जम्मा गरि आ.व. २०८१/८२ का लागि नवीकरण गरेको व्यावसाय दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि दर्ता प्रमाण पत्र, आ.व. २०८०/८१ सम्मको कर चुक्ता प्रमाणपत्र र नागरिकताको छायाँप्रति सहितको निवेदन पेश गरेपछि दरभाउपत्र उपलब्ध गराइने छ ।

२. टिपेक्स लगाएको वा केरमेट गरिएको दरभाउपत्र मान्य हुने छैन ।

३. दरभाउपत्र राखेको खाममा लाहाछाप लगाई खामको बाहिरपट्टि **"विहादी गाउँ कार्यपालिकाको कार्यालय, वहाकीठाँटी, पर्वत"** को नाम सम्बोधन गरि "विहादी गाउँ कार्यपालिकाको कार्यालय, वहाकीठाँटी, पर्वतका लागि मौरी घार आपूर्ति गर्ने सम्बन्धि कार्य गर्ने बारेको दरभाउपत्र फाराम" भनि उल्लेख गर्नुपर्ने छ ।

४. दरभाउपत्र फाराम दाखिला गर्नुपर्ने स्थान : विहादी गाउँ कार्यपालिकाको कार्यालय, वहाकीठाँटी, पर्वत ।

५. दरभाउपत्र फाराम दाखिला गर्नुपर्ने अन्तिम मिति : सूचना प्रकाशित भएको मितिले ७ औ दिन दिनको मध्यान्ह १२:०० बजे भित्र वा सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट १२.०० बजे भित्र ।

६. दरभाउपत्र फाराम खोलिने मिति : सूचना प्रकाशित भएको मितिले ७ औ दिनको १:०० बजे कार्यालय प्रतिनिधि र दरभाउपत्र वाला वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र वाला वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

७. दरभाउपत्र फाराम खोलिने स्थान : विहादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वहाकीठाँटी, पर्वत ।

८. दरभाउपत्र फाराम खरिद गर्ने, दाखिला गर्ने तथा खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुल्ने दिनलाई मानिने छ ।

९. प्रत्येक मौरी घारको सेक्सनमा १०/१० फ्रेम टुनीको काठको भएको हुनुपर्नेछ ।

१०. मौरी घार सेरेना मौरी पालनको लागि उपयुक्त, नेपाल सरकारको मापदण्ड अनुसारको स्ट्याण्डर साईज र गुणस्तरको हुनुपर्नेछ ।

११. दरभाउपत्र दाताले कार्यालयमा सिलबन्दी दरभाउपत्र पेश गर्दा यस विहादी गाउँ कार्यपालिकाको कार्यालय सम्म ढुवानी गर्ने गरि दरभाउपत्र पेश गर्नुपर्नेछ ।

१२. घटिवाला वा बढीवालाको दरभाउपत्र फाराम स्वीकृत गर्ने, नगर्ने अथवा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालमा सुरक्षित रहने छ ।

१३. अंक र अक्षरमा लेखिएको दररेटको व्यहोरा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

१४. एक व्यक्ति वा फर्मलाई एकभन्दा बढी दरभाउपत्र खरिद गरि समाबेश गर्न दिइने छैन ।

१५. यस सुचनामा परेका कुरा यसै सूचना बमोजिम हुनेछ भने यस सुचनामा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र नेपालको कानुन बमोजिम हुनेछ ।

| क्र.सं. | सूचना नं. | खरिदको विवरण | स्वीकृत लागत अनुमान (मु.अ. कर सहित) | कैफियत |
|---|---|---|---|---|
| १. | ७०-०८१।०८२ | मौरी घार खरिद | ९,००,०००/- | |

हरि प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

हरि प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत